परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ३१ २०८२ फागुन १७ आईतवार Sunday, 1 MAR 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## प्रतिनिधीसभा निर्वाचन प्रचार प्रसार
## १८ गते मध्यरातिदेखि निषेध, मौन अवधी सुरू

विराटनगर । आगामी फागुन २१ गते हुने प्रतिनिधीसभा सदस्य निर्वाचनको लागि प्रचार प्रसार गरी रहेका उम्मेदवारहरुले फागुन १८ गते मध्यराति देखि प्रचार-प्रसार बन्द गरी सोही वेला देखि मौन अवधी सुरु हुने निर्णय निर्वाचन आयोगले गरेको छ ।

सो अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गराउन गृह मन्त्रालय मार्फत सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई निर्देशन दिने निर्णय पनि आयोगले गरेको छ ।

जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्य हुन नदिने आयोगको निर्णयमा भनिएको छरु। साथै कहीं कतै यस्तो गतिविधि गरेको पाइएमा प्रचलित कानुन बमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउनुपर्ने निर्णय गरेकोछ ।

मतदानको दिनमा अत्यावश्यक सेवाका सवारी साधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालन मा रोक लगाउने निर्णय पनि आयोगले गरेको छरु। आयोगले अत्यावश्यक सेवाका सवारी साधनमा एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन तथा कूटनीतिक नियोगका सवारी साधन र निर्वाचनको दिनमा प्रयोग गर्ने सवारी साधन पास प्राप्त गरेकालाई संचालन गर्न दिने निर्णय गरेका छ ।

आयोगले मतदानको मिति भन्दा सात दिनअगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने निर्णय पनि गरेको छ । निर्वाचन प्रचार प्रसारका क्रममा मादक पदार्थ सेवन गरेर हल्ला गर्ने, राजनीतिक दल तथा उम्मेदवारले मादक पदार्थ सेवन गर्न लगाएर मतदातालाई प्रभावित पार्ने लगायतका सम्भावित गतिविधिलाई रोक्न आयोगले यस्तो निर्णय गरो छ । आफ्नो निर्णय अनुसार आवश्यक सहजीकरण र समन्वयका लागि आयोगले सम्पूर्ण सरोकारवाला लाई आग्रह गरेको छ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकबाट यी निर्णय गरिएको होरु। बैठकले निर्वाचनलाई स्वच्छ, विश्वसनीय तथा भयरहित वातावरणमा सम्पन्न गर्न देहायबमोजिमका निर्णय भई सोही अनुसार व्यवस्था मिलाउन गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेकोछ ।

मतदानको दिनमा अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत रूपमै सञ्चालनको व्यवस्था मिलाइने छ । अन्तर्राष्ट्रिय र आन्तरिक तर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घररबसोबास गर्ने होटेलसम्म र घररबसोबास गर्ने होटेलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने

वांकी अन्तिम पेजमा...

## संविधानको रक्षा नेपाली काँग्रेसले गरेको दावी

विराटनगर । मोरंग क्षेत्र नं. ५ प्रतिनिधि सभासदस्य पदका उम्मेदवार नेपाली काँग्रेसका फुल कुमार लालवानीले संविधानको रक्षा नेपाली काँग्रेसले गरेको दावी गर्नुभएको छ ।

विराटनगर-१८ फडानीमा होली मिलन एवं कार्यकर्ता भेला कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले सो कुरा दावी गरेका हुन् ।

उम्मेदवार लालवानीले फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा यसपाली जनताहरुले नेपाली कांग्रेस आउनु पर्छ, भन्ने उत्साहका साथ आफ्ना पक्षमा जनताहरु औंर्लीएको वताउँदै जनताले अब यो क्षेत्रबाट बदलिएको नेपाली कांग्रेस आएर समग्र बिकास गर्न र जनताको माग, चाहना पुरा गर्न यसपटक नेपाली कांग्रेसलाई जिताउन आग्रह गरेका छ ।

जनताको उत्साहका कारण यसपटक आफ्ना पक्षमा जनताले बिजय बनाएर पठाउँ छ, यो क्षेत्रको बिकास गर्न जनताहरुको भावनामा कुनै पनि ठेस पुग्न नदिने उहाँले प्रतिवद्धता गर्दै क्षेत्रमा विभिन्न जातजाति बसोवास गरेको क्षेत्र रहेकोले यस क्षेत्रका हरेक जातजातिले सपोर्ट गरिरहेको वहाँको दावी छ ।

## जनता परिवर्तनको खोजीमा

विराटनगर । प्रतिनिधिसभा सदस्य उम्मेदवार एवं नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले मोरङ क्षेत्र नम्बर ४ का जनताहरुले परिवर्तन खोजेको वताएका छन् ।

मोरङको कटहरी-६ मा नेपाली कांग्रेस वडा ईकाई समितिका अध्यक्ष बलराम सरदारको अगुवाईमा घरदैलो कार्यक्रमका बीच उम्मेदवार घिमिरेले क्षेत्र

वांकी अन्तिम पेजमा...

## मोरंग-५ को उम्मेदवार अग्रावलको घरदैलो अभियान प्रभावकारी, जन समर्थन बढ्दो

विराटनगर । फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनको समय जति नजिकिँदै जाँदा मोरङ क्षेत्र नं. ५ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार मनोज अग्रवालको घरदैलो अभियान प्रभावकारी बन्दै गएको छ ।

अग्रवालले घरदैलो अधियान मोरंगको पुरानो सदरमुकाम रंगेलीवाट सुरु गरेका थिए । रंगेली नगरपाालिका वडा नं. ४, ५, ६ र ७ का साहुटोल, तेतरीटोल, ननकारटोल, धनापट्टी, आमगाछी, लगायतको विभिन्न गाउँ-टोल, बस्ती र बजार क्षेत्रमा पुगेर मतदातासँग प्रत्यक्ष भेटघाट तथा संवाद र समस्याहरु संकलन गर्दै आफूलाई मतदान गर्न अग्राह गर्दै आगाडी बढेका थिए ।

मतदातासँगको भेटघाटमा उनले मोरङ-५ को समग्र विकास, दिगो पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा विस्तार, कृषिको आधुनिकीकरण तथा युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने विषयलाई आफ्नो मुख्य चुनावी एजेण्डा बनाएको बताएका छन् ।

अग्रवालको घरदैलो अधियान सिदै विराटनगर महानगरपालिका वडा नं. १३, १४, १५, १६, १७ र १८ का मतदताहरुसंग भेटघाट गर्दै भने म "जनताको विश्वास जितेर विकासलाई गति दिनु मेरो मुख्य उद्देश्य हो । यहाँका आधारभूत समस्या समाधान गरी क्षेत्रलाई समृद्ध बनाउने स्पष्ट योजना लिएर मतदातामाझ आएको छु," अग्रवालको भनाई थियो ।

अभियानका क्रममा स्थानीयले सडक स्तरोन्नति, ढल तथा खानेपानी व्यवस्थापन, विद्युत आपूर्ति सुधार, स्वास्थ्य चौकीको स्तरोन्नति, विद्यालयको शैक्षिक गुणस्तर सुधार, ग्रामथानको संरक्षण र विकास तथा बेरोजगार युवाका लागि अवसर सिर्जनाको माग राखेका छन् । अग्रवालले जनताबाट प्राप्त सुझावलाई आफ्नो कार्ययोजना र प्राथमिकतामा समेट्ने प्रतिबद्धता जनाएका थिए ।

धनपालथान र जहदाको विभिन्न टोलहरुमा घरदैलो गरी धनपालथानको कर्सियाबजारमा र्‍याली समेत प्रदर्शन गरेका थिए । उक्त र्‍यालीमा स्थानीय नेता-कार्यकर्ता, युवा, महिला तथा समर्थकहरूको सक्रिय सहभागिता देखिएको थियो । विभिन्न स्थानमा मतदाताले उत्साहपूर्वक अग्रवालप्रति सकारात्मक प्रतिक्रिया दिएको पार्टी स्रोतले जनाएको छ । चुनावी प्रचारका क्रममा जनताको सहभागिता र समर्थन उल्लेखनीय रूपमा बढ्दै गएको एमाले संचार विभागको दाबी छ ।

अग्रवालले घरदैलो अभियान सँगै साना-ठूला कोणसभा, अन्तरक्रिया तथा समुदायस्तरीय छलफल कार्यक्रमलाई पनि निरन्तरता दिएका छन् । किसान, व्यवसायी, शिक्षक, बुद्धिजीवी, युवा र महिला समूहसँग छुट्टाछुट्टै भेटघाट गर्दै उनीहरूका क्षेत्रगत समस्याबारे जानकारी लिने र समाधानका उपायबारे छलफल गर्ने कार्य भइरहेको छ ।

चुनावी माहोल तातिँदै जाँदा मोरङ-५ मा प्रमुख दलहरूबीच प्रतिस्पर्धा बढेको छ । यसबीच अग्रवालको सक्रियता, निरन्तर जनसम्पर्क र संगठनको परिचालनका कारण चुनावी माहोल आफ्नो पक्षमा बन्दै गएको

बांकी अन्तिम पेजमा...



## प्रतिनिधीसभा...

व्यवस्था मिलाउने अर्को निर्णय आयोगले गरेको छ ।

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनमा सबै मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई आवश्यक पर्न सक्ने आकस्मिक स्वास्थ्य सहायत सेवा उपलब्ध गराउन अनुरोध गरेको छ ।

यी सबै सेवा सम्बन्धित मतदान स्थलमा उपलब्ध गराउने व्यवस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा लेखी पठाइएकोछ । अत्यावश्यक तथा आपत्कालीन उपचार सेवा उपलब्ध गराउन सक्ने गरी देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी र औषधी तयारी अवस्थामा राख्न पनि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरेको छ ।

आयोगबाट भएको निर्णय र पत्राचारबमोजिमका आवश्यक सहयोगको व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सबै सरोकारवाला निकायलाई आग्रह गरिएकोछ । फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको व्यवस्थापकीय कार्य आयोगबाट स्वीकृत कार्यतालिका बमोजिम निरन्तर जारी रहेको पनि आयोगले जनाएको छरु। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र तथा भयरहित वातावरणमा सम्पन्न गराउन आयोगले मतदानको दिनभन्दा अघि र पछि गरी तीन दिन सार्वजनिक बिदा दिने निर्णय आयोगको सिफारिस मा सरकारले गरिसकेको छ ।

मतदानको प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गराउनका आयोगले मतदान केन्द्र कायम रहेका शिक्षण संस्था, स्वास्थ्य चौकी, वडा कार्यालयलगायतका सरकारी संरचना र ती सरकारी संरचनामा रहेका भौतिक सम्पत्ति फागुन १९ गतेदेखि २१ गतेसम्म उपयोग गर्ने व्यवस्था मिलाइदिन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पत्राचार गरिसकेको छ ।

## मोरंग-५...

एमाले नेताहरूको विश्वास छ ।

मोरंग क्षेत्र नं. ५ मा नेकपा ऐमालेका उम्मेदवार मनोज कुमार अग्रवाल, नेपाली काँग्रेसका उम्मेदवार फूलकुमार लालवानी, नपाली कम्युनिष्ट पार्टीका शिवकुमार मण्डल, राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदावर आशा झा, राष्ट्रिय उर्जाशील पार्टीका योगेन्द्र मण्डल बीच प्रतिस्पधा हुने देखिएको छ ।

## उपचारको...

सजाय अवधि पूरा नहुँदै उनको मृत्यु भएको हो ।

कारागार प्रशासनका अनुसार स्वास्थ्य अवस्था थप जटिल बन्दै गएपछि तामाङलाई थप उपचारका लागि काठमाडौं लैजाने तयारी भइरहेको थियो ।

बिहीबार बिहानै रेफर गर्ने योजना बनाइए पनि त्यसअघि नै उपचारकै क्रममा मृत्यु भएको ढुंगेलले बताए ।

मृत्युको जानकारी प्राप्त हुनासाथ परिवारका सदस्य तथा आफन्त कारागारको सम्पर्कमा आएका छन् । मृतकको शव परिवारलाई बुझाउने तयारी भइरहेको छ ।

जिल्ला कारागार मोरङमा हाल १ हजार १ सय ७५ जना कैदीबन्दी छन् । तीमध्ये १ सय २ जना महिला कैदी रहेका छन् । क्षमताभन्दा बढी कैदीबन्दी रहेका कारण स्वास्थ्य सेवा र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको बताइएको छ ।

## जनता...

नम्बर ४ का फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा समाज रुपानतरण का लागि मतदातहरु परिवर्तन खोजेको वताए ।

जनताहरुले नेपाली कांग्रेस आउनु पर्छ, भन्ने उत्साहका साथ लागि रहेको भन्दै जनताले अब यो क्षेत्रबाट बदलिएको नेपाली कांग्रेस आएर समग्र बिकास गर्ने र जनताको माग, चाहना, उत्साहका कारण जनताले नै बिजय बनाएर पठाउँ छ, यो क्षेत्रको बिकास गर्न जनताहरुको भावनामा कुनै पनि ठेस पुग्न नदिने उहाँले प्रतिवद्धता जनाए ।


## निर्वाचनको समयमा कर्मचारीले पालन गर्नुपर्ने आचरण

*- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/नगराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन ।*

*- कुनै राजनीति दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन हुँदैन ।*

*- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग, वा मेन्सनलागायतका कार्य गर्नु वा गराउनु हुँदैन ।*

*- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफुलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुहैन ।*

*- निर्वाचन सम्बन्धि कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**









## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

*जाडो तथा चिसोको समयमा,*

*- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।*

*- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरु बढी प्रभावित हुन सक्छन् ।*

*- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।*

*- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।*

*- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।*

*- घर तथा कोठा न्यानो बनाऔं ।*

*- नियमित घाम ताप्ने गरौं ।*

***स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।***

**वडा अध्यक्ष : अर्जुन गिरी**

**१० नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग**


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सावधानी कि अत्याधिक नियन्त्रण

निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो । स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गराउनु राज्यको प्रमुख दायित्व हो । यही उद्देश्यले निर्वाचन हुन तीन दिन अगावै सिमाना नाकामा कडाइ गर्ने निर्णयलाई सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण कदमका रूपमा लिन सकिन्छ । तर यस्तो कदमले जनजीवन, अर्थतन्त्र र दैनिक आपूर्तिमा पार्ने प्रभावतर्फ पनि उत्तिकै ध्यान दिन आवश्यक छ । निर्वाचनका बेला अवाञ्छित गतिविधि, अवैध आर्थिक चलखेल, मतदातालाई प्रभाव पार्ने सामग्रीको ओसारपसार तथा बाह्य हस्तक्षेपको जोखिम रहन्छ ।

सुरक्षा व्यवस्थाको नाममा अत्यधिक कडाइले स्थानीय जनजीवन प्रभावित हुन सक्छ । विशेषगरी सिमावर्ती क्षेत्रका नागरिक दैनिक आवतजावत, व्यापार, उपचार, रोजगारी र पारिवारिक कामकाजका लागि सिमानामा निर्भर हुन्छन् । अत्यधिक झन्झट, ढिलाइ वा अनावश्यक रोकतोकले उनीहरूको जीवनयापनमा समस्या निम्त्याउन सक्छ । खाद्यान्न, औषधि, इन्धन लगायत अत्यावश्यक वस्तुको आपूर्ति प्रभावित भए त्यसको असर व्यापक रूपमा देखिन सक्छ ।

सुरक्षा र सहजताबीच सन्तुलन कायम गर्नु नै मुख्य चुनौती हो । कडाइको नाममा आमनागरिकलाई सास्ती दिने होइन, जोखिमयुक्त गतिविधि मात्र नियन्त्रण गर्ने रणनीति आवश्यक छ। अत्यावश्यक सेवाका सवारी, बिरामी, विद्यार्थी तथा नियमित कामका लागि आवतजावत गर्ने नागरिकलाई सहज व्यवस्था मिलाइनुपर्छ। स्पष्ट सूचना, व्यवस्थित चेकजाँच र समन्वयात्मक कार्यशैली अपनाइए मात्र कडाइ प्रभावकारी र जनमैत्री बन्न सक्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# मध्यम वर्गको ढुलमुले चरित्र : माओवादी देखि रास्वपासम्म

- सहरी क्षेत्रका मध्यम वर्ग सधैँ परिवर्तनको पक्षमा देखिएको छ, तर उनीहरूको राजनीतिक रङ स्वार्थ अनुसार फेरिने गरेको छ ।
- माओवादी मोहपछि रास्वपाप्रति देखिएको आकर्षण पनि त्यस्तै अस्थिर चरित्रको उपज हो, जसले अवसरवादलाई बढावा दिन्छ ।
- विचारविहीन राजनीतिले फासीवादलाई निम्त्याउँछ र सुशासनको नारा दिए पनि रास्वपामा पुराना पात्रहरूको प्रवेशले शंका जन्माएको छ ।

सुनील जित श्रेष्ठ

नेपाली राजनीतिमा मध्यम वर्ग, विशेष गरी सहरी क्षेत्रका नागरिकहरू सधैँ परिवर्तनको पक्षमा उभिएको जस्तो देखिन्छ । विगतदेखि नै उसले निर्वाचनको समयमा दिएको फरक-फरक नतिजाले यो कुराको पुष्टि गर्छ । सडक आन्दोलन, सामाजिक सञ्जाल र मतदानमा आफूलाई सधैँ 'बौद्धिक' र 'परिवर्तनकारी शक्ति' का रूपमा देखाउने कोसिस गर्छ। विगतको प्रवृत्ति हेर्दा पनि यो वर्ग सत्ता र स्वार्थको सन्तुलन फेरिँदै जाँदा आफ्नो राजनीतिक रङ पनि फेरिरहेको पाइन्छ । आखिर उनीहरू कुन मनोविज्ञानले यस्तो गर्छन ?

कार्ल मार्क्सले डेढ शताब्दी अगाडि नै मध्यम वर्गलाई 'स्वभावैले अवसरवादी' चरित्रको हुन्छ भनेका थिए। मार्क्सले भनेका थिए- मध्यम वर्गको राजनीतिक चरित्र निश्चित वैचारिक धरातलभन्दा पनि तात्कालिक लाभ र फाइदाको दिशातिर ढल्किने 'अस्थिर' प्रकृतिको हुन्छ । आफ्नो वर्गीय अस्तित्व जोगाउन यो वर्गले आफूलाई सधैँ 'परिवर्तनको कट्टर पक्षपाती' का रूपमा प्रस्तुत गर्न रुचाउँछ ।

आजको नेपाली राजनीति, विशेष गरी सहरी क्षेत्रको मतदान प्रवृत्तिलाई विश्लेषण गर्ने हो भने मार्क्सको त्यो डेढ शताब्दी पुरानो परिभाषा धेरै हदसम्म मेल खान्छ । नेपालका मुख्य सहरहरू सधैँ मध्यम वर्ग र सम्भ्रान्तहरूको केन्द्रबिन्दुका रूपमा चिनिन्छन् । यो वर्गको राजनीतिक व्यवहारलाई नबुझी विगतको माओवादी लहर र वर्तमानको रास्वपा उभार बुझ्न सकिँदैन ।

### माओवादी लहर र अवसरवादी रूपान्तरण

दश वर्षे सशस्त्र सङ्घर्ष विश्राम गरी शान्ति प्रक्रियामा आएपछि माओवादी पार्टीप्रति सहरिया मध्यम वर्गको झुकाव एकाएक बढेन मात्र, उनीहरूको माओवादी मोह अचम्मलाग्दो थियो । हिजोका कट्टर पञ्च, राजावादी, अवकाशप्राप्त उच्च पदस्थ कर्मचारी र सेना-प्रहरीका पूर्व अधिकृतहरू रातारात युद्ध लडेर आएका माओवादीभन्दा बढी क्रान्तिकारी देखिए । त्यसको परिणाम निर्वाचनमा स्पष्ट देखियो । सहरिया मतदाताले माओवादीलाई भारी मत दिएर विजयी बनाए ।

तर, मार्क्सले भनेझैँ यो वर्गको समर्थन सिद्धान्त वा दीर्घकालीन परिवर्तनका लागि थिएन, बरु स्वार्थ र सुरक्षामा अडिएको थियो । पञ्चायतकालका चर्चित पात्र सूर्यसेन ओलीजस्ता व्यक्तिहरू माओवादीको मूलधारमा आउनु त्यसैको प्रतिफल थियो ।

जब माओवादीबाट उनीहरूको स्वार्थ पूरा हुन छाड्यो वा माओवादी सत्ताको कोपभाजनमा पर्‍यो, त्यही सहरिया वर्गले माओवादीलाई सडकमा पुर्‍याइदियो। आज सहरी क्षेत्रमा माओवादीको हालत किन नाजुक भयो ? यसको जवाफ यही मध्यम वर्गको अस्थिर र स्वार्थपूर्ण चरित्रमा लुकेको छ ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति देखिएको आकर्षण ०६४ सालकै माओवादी लहरको नयाँ संस्करण हो भन्न कत्ति पनि हिचकिचाउनुपर्दैन। रास्वपा कथित पुराना भनिएका दलहरूको अराजनीतिक र नालायकीको उत्पादन हो ।

### इतिहासको पुनरावृत्ति

जर्मन दार्शनिक हेगेलले भनेका थिए, 'इतिहासमा सबै ठुला घटना र पात्रहरू दुईपटक देखापर्छन् ।' कार्ल मार्क्सले यसैलाई परिष्कृत गर्दै थपे, 'हो, इतिहास दोहोरिन्छ। पहिलोपटक त्यो त्रासदीका रूपमा आउँछ भने दोस्रोपटक प्रहसनका रूपमा ।'

तत्कालीन माओवादी पार्टी जनयुद्ध र हजारौँको बलिदानबाट निर्मित थियो । त्यसको क्रान्तिकारी विचारमा भविष्य बदल्न सक्ने सामर्थ्य थियो। तर, संसदीय खेल र सत्ताप्राप्तिको लुछाचुँडीमा अल्मलिएपछि उसले आन्दोलन, सहिदको त्याग र वर्गीय धरातल बिर्सियो। केवल व्यक्तिको स्वार्थमा पार्टी केन्द्रित भएपछि माओवादीको त्यो 'महान् उद्देश्य' धमिरा लागेको काठझैँ भयो ।

त्यससँगै आम नागरिकको नयाँ नेपाल देख्ने सपना पनि धुलीसात् भयो। यो नेपाली इतिहासको त्रासदी थियो ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति देखिएको आकर्षण ०६४ सालकै माओवादी लहरको नयाँ संस्करण हो भन्न कत्ति पनि हिचकिचाउनुपर्दैन । रास्वपा कथित पुराना भनिएका दलहरूको अराजनीतिक र नालायकीको उत्पादन हो । आफूलाई जबर्जस्त 'नयाँ' भन्ने भाष्य निर्माण गर्नुबाहेक उसको अरू कुनै नौलो र नवीन सोच छैन। राजनीतिक विचार र एजेन्डा त परका कुरा भए ।

रास्वपा अहिले पौराणिक राजा मिदासजस्तो बनेको छ, जसलाई छोयो सुनमा परिणत हुने। हिजोसम्म अन्य दलमा रहेर आलोचना खेपेका पात्रहरू रास्वपाको घण्टी समात्ने बित्तिकै पवित्र र नयाँ, नौलो, नवीन हुने अनौठो विरोधाभास सुरु भएको छ ।

हिजो गाली गरिएका पात्रहरू आज नेता र उम्मेदवारको भेषमा रास्वपाको मुक्तिदाताका रूपमा उभिएका छन् । तथापि वैचारिक धरातलबिनाको पार्टीमा जोसुकै आउनु र चोखिनुले राजनीतिलाई नीतिप्रधान बनाउँदैन, केवल व्यक्तिप्रधान बनाउँछ ।

टिकटकको लोकप्रियता, सेलिब्रिटी प्रभाव र संस्थागत राजनीतिक अनुभवहीन अभियन्ताहरू एकाएक उम्मेदवार बनाउने प्रवृत्तिले रास्वपा लोकप्रियतामुखी राजनीतिको फेरो समाउन पुगेको प्रस्ट छ । यही प्रवृत्ति अहिले नेपाली राजनीतिमा प्रहसनको रूपमा दोहोरिएको छ ।

### विचारबिनाको राजनीति

राष्ट्रिय स्वतन्त्र पार्टी आफ्नै परिपक्व वैचारिकी र सिद्धान्तको जगमा स्थापित शक्ति नभएको हुँदा उसमा वैचारिक र सैद्धान्तिक स्पष्टताको अभाव हुनु नौलो कुरा होइन । भन्नलाई उसले आफ्नो विचारधारा संवैधानिक समाजवाद र प्रगतिशील केन्द्र भनेको छ । तर दुर्भाग्य, यस्ता शब्दावलीहरू विश्व राजनीतिक मञ्चहरूमा अस्तित्वमै छैनन्, न त शब्दकोशमै अस्तित्वमा छन् । विचारको नाममा यस्ता भ्रमपूर्ण शब्दहरूको प्रयोग गर्नु पनि बौद्धिक ठगी हो ।

राजनीतिमा विचार वा सिद्धान्त केवल कस्मेटिक साधन होइन। राजनीतिक पार्टीको अस्तित्व र पहिचानको आधार हो । विचार नै त्यो हतियार हो, जसले एउटा दललाई अन्य दलभन्दा फरक बनाउँछ। यसले कार्यकर्ताको पङ्क्तिलाई निश्चित उद्देश्यमा एकताबद्ध र परिचालन गर्छ । आम जनतालाई भविष्यप्रति आशावादी बनाउँछ ।

सिद्धान्त र विचारको यत्रो गुरुत्व हुँदा पनि जब स्पष्टताको सवाल आउँछ, तब रास्वपाका नेता-कार्यकर्ताहरू तर्क गर्छन पुराना दलसँग सिद्धान्त भएर के भयो त, देशको हालत त उस्तै छ ।

यति मात्र होइन, राज्य सञ्चालनको सवालहरू जस्तो; शिक्षा, स्वास्थ्य नीति के हुने? कस्तो कर प्रणाली हुने ? कस्तो

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरंगको धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेका मन्दिरको परिचय

**श्याम सुनदर सुतिहार**

**१.कप्लेश्वरनाथ महादेव मन्दिर (सडकदेखि दक्षिण)**



धनपालथान गाउँपालिका वडा नं. ३ को शिवशक्ति माध्यमिक विद्यालयको जग्गामा, सडकदेखि दक्षिणपट्टि कलात्मक रूपले बनाइएको कप्लेश्वरनाथ महादेव मन्दिर अवस्थित छ ।

मन्दिरमा शिलालेख स्थापना गरिएको छ । मन्दिरको माथिल्लो भागमा शिव, गणेश, कार्तिकेय र हनुमानको कलात्मक मूर्ति राखिएको छ ।

मन्दिरमा दैनिक रूपमा ८० वर्षीय पुजारी केदारनाथ झाले पूजापाठ गर्दै आएका छन्। भगवान शिवको विशेष पूजा शिवरात्रि, माघ महिनाका प्रत्येक आइतबार र श्रावण महिनाका सोमबारहरूमा गरिन्छ। ती दिनहरूमा भक्तजनको भीड लाग्ने गरेको पुजारीकी ७५ वर्षीया श्रीमती इन्दुकला झाले दिइन् ।

मन्दिरका वर्तमान अध्यक्ष गुलाब चन्द मण्डल (गनगाई) ले मन्दिर स्थापनाको सन्दर्भमा यस्तो जानकारी दिए, ˝२०३३ सालमा म लगायत गाउँपालिकाका पूर्व अध्यक्ष हरिलाल सिंह, विजय मण्डल, सुकदेव मण्डल, सिहेश्वर विश्वास, चेतनारायण मण्डल, कान्छा विजय मण्डल (शिक्षक) आदिको टोली झारखण्डस्थित बैजनाथ धाम (बोलबम) गएको थियौं। फर्किएपछि गाउँमा पनि शिवालय बनाउने संकल्प गरियो ।

त्यस समयमा एउटा अव्यवस्थित दुर्गा मन्दिर थियो, जुन भत्काएर त्यसका काठ, टिन प्रयोग गरी २०३४ सालमा शिव मन्दिर बनाइयो।संस्थापक अध्यक्ष हरिलाल सिंह थिए ।

त्यस मन्दिरमा २०५५-५६ तिर केदारनाथ झाले पूजापाठ गर्न थालेतर, मन्दिरको विधिवत दर्ता भने २०६३ सालमा गरिएको थियो ।

यहाँ स्थापित माता पार्वतीको मन्दिर निर्माण गर्न संविधानसभा सदस्य रामानन्द मण्डलले २ लाख रुपियाँ सहयोग गरे।२०७४ सालमा वर्तमान अध्यक्ष स्वयं वडाध्यक्ष निर्वाचित भएपछि हरेक वर्ष ५ लाख रूपैयाँका दरले बजेट विनियोजन गरिँदैछ । यस्तो अवस्थामा पूर्व अध्यक्ष सिंहले १० लाख रूपैयाँसहयोग गरे। प्रदीप भगतले सम्पूर्ण इँटा सहयोग गरे, रमानन्द सिंहले १ लाख रूपैयाँ बराबरको गिटी-बालुवा सहयोग गरे ।यही कामका लागि गाउँपालिकाका अध्यक्षले २० लाखरूपैयाँ सहयोग गरेका छन् ।

मन्दिरमा पनि भक्तजनहरू आएर भाकल गर्छन् ।भाकल पूरा भएपछि प्रसाद चढाएर पूजापाठ गर्न पुन: आउँछन् ।मन्दिर करिब दुई कट्ठा क्षेत्रफलमा फैलिएको र पर्खालले घेरिएको अवस्थामा छ ।

**२. कार्तिकेय मन्दिर**



धनपालथान गाउँपालिका वडा नं. ३, डकुवाडंगा टोलमा सडकदेखि उत्तरतर्फ रहेको कार्तिकेयको मन्दिर चारैतिर इँटाको पर्खाल र माथि टिनको छानासहितको संरचनामा रहेको छ।

यहाँ दैनिक पूजापाठ हुने गर्दछ । विशेष रूपमा कार्तिक पूर्णिमाका दिन भव्य रूपमा पूजापाठ गरिन्छ । यो जानकारी ५५ वर्षीय रामदेव मण्डलले दिएका हुन् ।

**३. राधाकृष्ण मन्दिर, बेतौना**




धनपालथान गाउँपालिका वडा नं. ३, बेतौनामा, सडकदेखि पूर्वतर्फ राधाकृष्ण मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ ।

यो मन्दिर “श्री राधाकृष्ण परोपकार समाज” नामक संस्थाले मिति २०८०/२/२२ मा( दर्ता नं. ४१९६ मा) दर्ता गराएको ७० वर्षीया गुजियादेवी मण्डलले जानकारी दिइन् ।

करिब चारकट्ठा सरकारी जमिनमा रहेको मन्दिर चार वर्ष पहिले स्थापना भएको हो । सचिव सीताराम गनगाईका अनुसार १० वर्षअघि योजनाबद्ध ढङ्गले कल्पना गरिएअनुसार मन्दिर निर्माण भइरहेको छ ।

मन्दिरमा दैनिक पूजापाठ हुँदै आएको छ । कृष्ण जन्माष्टमी दिन विशेष पूजाअर्चनागरिन्छ ।

**४. कबीर कुटी**



धनपालथान गाउँपालिका वडा नं. ३, बेतौनामा सडकदेखि उत्तरपट्टि कबीर कुटी रहेको छ ।

स्थापनाको मिति नखुले पनि यो कुटी करिब ५० वर्ष पुरानो भएको मानिन्छ। बाँस-बत्तीको टाटी र टिनको छाना भएको यस कुटीमा प्रत्येक सोमबार १० देखि१५ जना भक्तजनहरू भेला भएर भजन-कीर्तन गर्छन् । माघ पूर्णिमामा भण्डारा पनि गरिन्छ ।

कौशिलादेवी दासीनले आफ्नै ईच्छाले यो कुटी निर्माण गरेकी थिइन् ।कौशिलादेवी हाल ९५ वर्ष उमेरकी भइसकेकी छन् ।

कुटीलाई अलिकति पश्चिमतिर सारेर सरकारी जमिनमा पक्की भवन निर्माण गर्ने तयारी भइरहेको छ, ६६ वर्षीय काशी मण्डलले जानकारी दिएका छन् ।

# उपचारको क्रममा करागारमा रहेका कैदीको मृत्यु

विराटनगर । जिल्ला कारागार मोरङमा सजाय भुक्तान गरिरहेका एक जना कैदीको उपचारका क्रममा मृत्यु भएको छ ।

कारागार प्रशासनका अनुसार मोरङको उर्लाबारी नगरपालिका-३ घर भएका ३७ वर्षीय सनम तामाङको बुधबार राति ज्यान मृत्यु भएको थियो ।

कारागार प्रशासक गौरव ढुंगेलका अनुसार तामाङलाई अचानक श्वासप्रश्वासमा समस्या देखिएपछि मंगलबार राति करिब १० बजेतिर विराटनगर स्थित कोशी अस्पतालमा भर्ना गरिएको थियो ।

उपचारकै क्रममा बुधबार राति पौने ११ बजेतिर उनको मृत्यु भएको जानकारी कारागार प्रशासनले दिएको छ ।

ढुंगेलका अनुसार स्वास्थ्य सम्बन्धी पुरानै समस्या रहेका तामाङले यसअघिदेखि नै नियमित औषधि सेवन गरिरहेका थिए । तर, पछिल्लो पटक अचानक श्वासप्रश्वासमा गम्भीर समस्या देखिएपछि तुरुन्त अस्पताल पुर्‍याइएको थियो ।

तामाङ लागुऔषध सम्बन्धी मुद्दामा दोषी ठहर भई कैद सजाय भुक्तान गरिरहेका कैदी थिए । उनलाई जिल्ला अदालत मोरङले २ वर्ष ६ महिना कैद सजाय सुनाएको थियो ।

अदालतको आदेशपछि २०८१ असोज १६ गते कारागार चलान गरिएका उनी २०८३ साल माघ २७ गते सजाय अवधि पूरा गरी रिहा हुने थिए । तर,

वांकी अन्तिम पेजमा...


## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : प्रकाश साह**

१५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : बासु ब. बस्नेत**

३ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# मोरंग क्षेत्र नं. ६ नकपा एकालेका उम्मेदवार ढकालद्धारा प्रतिवद्धतापत्र सार्वजनिक

विराटनगर । मोरंग क्षेत्र नं. ६ प्रतिनिधिसभा सदस्यको उम्मेदवार, नेकपा (एमाले) का विनोद ढकाल पित्री शोकमा रहेकै अवस्थामा प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् ।

आफ्नै निवासी विराटनगर-५ सम्झना चोकमा नेकपा एमालेका विभिन्न तह तप्काका नेता र पत्रकारहरूको बीचमा प्रतिवद्धता सार्वजनिक गरेको हो ।

संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख नेपाल बनाउन, स्थिर सरकार र सुशासनका लागि संविधान संशोधन आवश्यक छ भन्ने मान्यता राख्दै निर्वाचन क्षेत्रका जनताका सरोकारमा प्रतिबद्धता प्रस्तुत गरेको थियो ।

हामीले भोट मात्र मागिरहेका छैनौं काम पुरा गर्ने अवसर खोजिरहेका छौं भन्ने नाराका साथ ३० बुद्रे प्रतिवद्धता पत्र सार्वजनिक गरेका छन् ।



विनोद ढकाल
प्रतिनिधीसभा सदस्यको उम्मेदवार
मोरंग क्षेत्र नं. ६

प्रतिवद्धताहरू बुद्रागत रूपमा

१. विराटनगरको ढल निकास र डुबान समस्या समाधान गर्न गुरुयोजना बनाई लागू गर्ने ।

२. चक्रपथसहितको प्रमुख सडक स्तरोन्नति गरी कालोपत्रे बनाउने ।

३. गछिया, बुढीखोला केशलिया र सिंगिया नदी नियन्त्रण गर्न विशेष योजना ल्याउने ।

४. बन्द भएका र रुग्ण उद्योगलाई पुनः सञ्चालनमा ल्याउन पहल गर्दै मजदुरको हितमा विशेष कार्यक्रम ल्याउने र साना तथा घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।

५. गुणस्तरीय विद्यालय शिक्षा र 'स्मार्ट क्लास रुम'को नीति लागू गर्न पहल गर्ने ।

६. जेन्जीहरूलाई आधुनिक प्रविधिमार्फत नव प्रवर्द्धनात्मक सिकाई र उच्च शिक्षाका विद्यार्थीका लागि 'पढ्दै, कमाउँदै' कार्यक्रम लागू गर्ने।

७. विश्वविद्यालय र क्याम्पसहरूलाई सुव्यवस्थित गरी स्वरोजगार मूलक शिक्षा लागू गर्ने र यस क्षेत्रका लागि विशेष छात्रवृत्ति कार्यक्रम ल्याउने ।

८. मदरसा र गुरुकुलसहित धार्मिक विद्यालयलाई सुव्यवस्था र सुविधा वृद्धि गरी विश्वविद्यालयको शैक्षिक कार्यक्रमसँग जोड्ने ।

९. मठमन्दिर, मस्जिद, चर्च, गुम्बा, थान आदि सांस्कृतिक धरोहरहरूको संवर्द्धन गर्ने ।

१०. थारु समुदायको भाषा, संस्कृति, चाड, पर्व र रीतिरिवाजको संरक्षण गर्दै समय अनुसारको विकास गर्ने।

११. सरकारी तथा निजी अस्पतालमा यस क्षेत्रका विपन्न तथा गरिब नागरिकको सहज पहुंच बनाउने।

१२. मल, खाद तथा बीउ समयमै उपलब्ध गराउने व्यवस्था गर्दै कृषि सिंचाइको प्रबन्ध र अर्गानिक क्षिलाई व्यवसायीकरण गर्नेको

१३. कृषि उपज संकलन केन्द्र र शीत भण्डार सञ्चालन गर्न प्रोत्साहित गर्ने।

१४. सुन्दरहरैचाको छ पोखरी, बुढीगंगाको सिंगिया खोला र बौराहाको मधुपार्कसहित अन्य पार्कहरूको स्थापना र प्रवर्द्धन गर्ने, हसिना सिमसारलाई पर्यटकीय क्षेत्र बनाउने।

१५. कोशी नहरको विराट नगर शाखा कोरिडोर, गछिया र बुढीखोलामा एकातर्फ सडक र अर्को किनारालाई सुन्दर र हरियाली बनाउने। खुला व्यायामशाला र मिनिपार्क स्थापना गर्ने ।

१६. निर्वाचन क्षेत्र स्तरीय रंगशाला, आवश्यकता अनुसार खेलमैदान र कवर्ड हल बनाउँदै युवालाई खेल र रचनात्मक कार्यमा प्रोत्साहित गर्ने। लागू औषध दर्व्यसनीविरुद्ध सचेतना जगाउने ।

१७. नवप्रवर्तनलाई प्रोत्साहित गर्ने, युवा उद्यमीलाई बिना धितो ऋणको व्यवस्था मिलाउन पहल गर्ने । र, नवयुवालाई स्वरोजगार मूलक तालिममार्फत उद्यम शीलता विकास गर्ने ।

१८. ज्येष्ठ नागरिक, अपांग, दलित र एकल महिलाको सामाजिक सुरक्षा भत्ता बढाउन पहल गर्ने ।

१९. अव्यवस्थित बसोबासी र सुकुम्बासी समस्या सम्बोधन गर्ने ।

२०. विपन्न परिवारका लागि निःशुल्क विद्युतीय चुल्हो कार्यक्रम सञ्चालनमा पहल गर्ने।

२१. चारकोसे जंगल क्षेत्रमा हात्तीको र हातीमूढामा बाँदरको आतङ्क नियन्त्रण गर्न पहल गर्ने ।

२२. सहकारी र माइक्रोफाइनान्सको चर्को व्याजबाट विपन्न नागरिकलाई राहत दिने ।

२३. सिटी रिक्सा चालकलाई सङ्गठित गरी सहुलियत दरमा चार्जिङ सुविधा उपलब्ध गराउने।

२४. उत्तरी मोरङको गछियालाई केन्द्र बनाई प्रशासनिक कार्यालयहरू स्थापना गर्न पहल गर्ने ।

२५. विगतमा कमरेड लालबाबु पण्डितले सुरु गरी अधुरो रहेका परियोजनाहरूलाई प्राथमिकताका साथ पूरा गर्ने।

२६. पूर्वाञ्चल विश्वविद्यालय बाट हसिना सिमसार जाने पर्यटन मार्ग (सुन्दरहरैंचा ६ र ७ जोड्ने) र गछिया र गोठगाउँलाई (वडा नं ३ र ४ लाई) जोड्ने पक्की पुल निर्माण गर्ने।

२७. कोडिया चौक पश्चिम सुकचर खेलमैदानछेउ बुढी खोलामा पक्की पुल निर्माण गर्ने।

२८. गछिया आधारभूत प्राविदेखि पूर्व (वडा नं. ६.२ ७ लाई जोड्ने) झोलुङ्गे पुल निर्माण गर्ने ।

२९. नेताचोकबाट खनार हुदै भाइरल पुल जाने नहर किनारको सडकमा कालोपत्रे गर्ने।

३०. मिलनचोक-कमलपुर-जोगियारे हुँदै मृगौलिया जाने भूवनेश्वर सडक चौडा गरी कालोपत्रे गर्ने।

साथै पूर्व सांसद क लालबाबु पण्डितको कार्यकालमा यस क्षेत्रमा रू.५ अर्बभन्दा बढीको विकास निर्माण भएको र त्यसपछि यस क्षेत्रमा विकास निर्माणको काम ठप्प भएको यहांहरूलाई अवगत नै छ। स्पष्ट छ, जनताको पक्षमा काम गर्ने पार्टी नेकपा (एमाले) नै हो। नेपालमा तीन तहका सरकारको कार्यक्षेत्र अलग अलग छन् । म संघीय सांसदको हैसियतले स्थानीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै क्षेत्रको विकासको नेतृत्व वताए ।

भ्रष्टाचार गरेर वा कामै नगरी तपाइँहरूको शिर झुकाउने काम म बाट हुनेछैन । सूर्यमा मतदान गरी सेवा गर्ने अवसर दिन अनुरोध गरेका थिए ।

# चांगेरी घास की महत्व

हमारे आसपास कई ऐसे औषधीय पौधे मौजूद हैं, जिनके अद्भुत स्वास्थ्य लाभों के बारे में हम अक्सर अनजान रहते हैं । ऐसा ही एक पौधा है चांगेरी घास, यह पौधा खाली ज़मीन, बगीचों, खेतों और गमलों में आसानी से उग जाता है ।

**- आयुर्वेदिक महत्व**

चांगेरी घास का उल्लेख आयुर्वेदिक ग्रंथों चरक संहिता और सुश्रुत संहिता में मिलता है । आयुर्वेद के अनुसार यह पौधा विशेष रूप से पाचन संबंधी समस्याओं, दस्त और बवासीर के इलाज में लाभकारी है । इसके पत्तों और जड़ों में कई प्रकार के पोषक तत्व और औषधीय गुण पाए जाते हैं ।

**- चांगेरी घास के औषधीय लाभ**

शराब और नशे की आदत में मददगार : चांगेरी के नियमित सेवन से शराब और अन्य नशीले पदार्थों की आदत कम करने में मदद मिलती है । यह शरीर को डिटॉक्स करने और मानसिक शक्ति बढ़ाने में सहायक है ।




**हृदय स्वास्थ्य के लिए लाभकारी :** चांगेरी के पत्तों में पोटैशियम, कैल्शियम, विटामिन ऋ, कैरोटीन और ऑक्सलेट पाए जाते हैं। इससे शरीर में जमा सूजन कम होती है, पित्त संतुलित रहता है और हृदय स्वस्थ रहता है। नियमित सेवन से हृदय की ताकत बढ़ती है और रक्त संचार सुधरता है ।

**त्वचा संबंधी समस्याओं में उपयोगी :** चांगेरी में एंटी-इंफ्लेमेटरी, एंटीफंगल और एंटीबैक्टीरियल गुण होते हैं । इसका पेस्ट या रस त्वचा पर लगाने से पिंपल्स, फोड़े-फुंसियां, काले धब्बे और खुजली में राहत मिलती है। यदि पेस्ट को चंदन या हल्दी के साथ मिलाया जाए तो त्वचा की रोगप्रतिरोधक क्षमता और निखार बढ़ता है ।

**महिलाओं के स्वास्थ्य में विशेष योगदान :**

चांगेरी का सेवन महिलाओं के लिए भी फायदेमंद है। यह ल्यूकोरिया (व्हाइट डिस्चार्ज) और मासिक धर्म संबंधी समस्याओं में मदद करता है । इसके पत्तों का रस यदि मिश्री के साथ लिया जाए तो दर्द कम होता है, कमजोरी दूर होती है और हड्डियाँ मजबूत होती हैं ।

**- पाचन और लिवर के लिए लाभकारी :**

चांगेरी भूख बढ़ाने, अपच, पेट दर्द, दस्त और बवासीर जैसी समस्याओं को कम करने में सहायक है। यह आंतों को मजबूत बनाता है और लिवर को स्वस्थ रखता है। नियमित सेवन से पाचन तंत्र सुचारू रहता है और पेट की समस्याएँ कम होती हैं।

इम्यूनिटी बढ़ाने में सहायक : विटामिन ऋ और एंटीऑक्सीडेंट से भरपूर होने के कारण चांगेरी रोग प्रतिरोधक क्षमता को मजबूत करता है। यह शरीर को बीमारियों से लड़ने में ताकत देता है और सामान्य संक्रमणों से सुरक्षा प्रदान करता है ।

मसूड़े, मुंह और किडनी के लिए लाभकारी : चांगेरी मसूड़ों के दर्द, सूजन और ब्लीडिंग को कम करता है । मुंह की बदबू दूर करता है और शरीर को डिटॉक्स कर किडनी को स्वस्थ बनाए रखता है ।

**- चांगेरी को इस्तेमाल करने के तरीके**

१ चटनी/सलाद - ताज़े पत्तों को चटनी या सलाद में खा सकते हैं ।

२ रस - पत्तियों का रस शहद या पानी के साथ पी सकते हैं ।

३ पेस्ट - कुचले हुए पत्तों का पेस्ट त्वचा या घाव पर लगा सकते हैं ।

४ चाय/काढ़ा - पत्तियों से चाय या काढ़ा बनाकर स्वास्थ्यवर्धक पेय के रूप में पी सकते हैं ।

**सावधानियाँ –**

चांगेरी का सेवन सीमित मात्रा में ही करना चाहिए। यदि आप मधुमेह या किसी अन्य दवा का सेवन कर रहे हैं, तो इसे आहार में शामिल करने से पहले आयुर्वेदिक चिकित्सक की सलाह अवश्य लें ।



# जहदा गाउँपालिका वडा नं. १ मा नेकपा एमाले उम्मेदवारको निरन्तर घरदैलो अभियान

विराटनगर । नेपाल कम्युनिस्ट पार्टी (एमाले) का तर्फबाट जहदा गाउँपालिका-१ मा उम्मेदवारले घरदैलो अभियानलाई तीव्रता दिएका छन् । स्थानीय तह निर्वाचन नजिकिँदै जाँदा उम्मेदवार सहित पार्टीका नेता-कार्यकर्ता टोलटोलमा पुगेर मतदातासँग प्रत्यक्ष भेटघाट गरिरहेका छन् ।



घरदैलो अभियानका क्रममा उम्मेदवारले विगतमा भएका विकास निर्माणका कार्यहरूको समीक्षा गर्दै आगामी योजनाबारे जानकारी गराएका छन् । सडक स्तरोन्नति, कृषि उत्पादन वृद्धि, युवाका लागि रोजगारी सिर्जना र सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

मतदातासँगको संवादमा स्थानीयले सडक, ढल निकास, स्वास्थ्य सेवा र बेरोजगारी समस्या समाधान गर्न ध्यान दिन आग्रह गरेका छन् । उम्मेदवारले जनताको सुझावलाई आफ्नो घोषणापत्रमा समेट्दै व्यवहारिक र दिगो विकासमा जोड दिने बताएका छन् ।

अभियानमा वडा कमिटी, युवा संघ तथा अनेमसंघका प्रतिनिधिहरूको सक्रिय सहभागिता देखिएको छ । कोणसभा तथा घरदैलो कार्यक्रममार्फत मतदातालाई पार्टीको नीति, योजना र एजेन्डाबारे जानकारी गराइँदै आएको छ ।

पार्टी स्रोतका अनुसार घरदैलो अभियान आगामी दिनहरूमा पनि निरन्तर जारी रहनेछ । उम्मेदवारले जनताको विश्वास जित्दै जहदा-१ को समग्र विकासका लागि आफू प्रतिबद्ध रहेको बताएका छन् ।

# लागुऔषध ब्राउन सुगर सहित ३ पक्राउ

विराटनगर । झापा र सुनसरी जिल्लाको विभिन्न स्थानहरुबाट प्रतिबन्धित औषधी र लागू औषध ब्राउन सुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फागुन ११ गते झापाको इलाका प्रहरी कार्यालय बुधबारेले झापा बुद्धशान्ति-४ का सोनम शेर्पालाई १ ग्राम १० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनसरीको इलाका प्रहरी कार्यालय धरानबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले धरान-८ तिनकुने स्थितबाट प्र १-०२-०५५ प ११३२ नम्बरको मोटरसाईकल चालक मोरङको सुन्दरहरैचा४ का सिजन अधिकारी र पछाडि सवार तेह्रथुम फेदाप-३ का नविन कडेललाई प्रतिबन्धित औषधी ट्रामाडोल ५ सय ९० क्याप्सुल र डिकोलिक ५ सय ९० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

लागू औषध सहित पक्राउ परेका सबै जनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको छ ।


## वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : संतोष न्यौपाने**

५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश


## मध्यम...

आर्थिक नीति अपनाउने? अन्तर्राष्ट्रिय कूटनीति कस्तो हुने? भन्ने कुराको मार्गचित्र विचार र सिद्धान्तले तय गर्छ । अर्कोतिर विचारविहीन राजनीतिले पार्टी र सत्तालाई निश्चित मानिसहरूको रजगज गर्ने थलोका रूपमा विकास गर्छ ।

सरकारमा गएर के डेलिभरी गर्ने ? भन्ने सवालमा नै अलमल्लको अवस्था सिर्जना हुन्छ। जसले नेता-कार्यकर्ताको पङ्क्तिमा अवसरवादी चरित्र हाबी हुन पुग्छ । जनतामा निराशा बढ्न पुग्छ र जनसमर्थन पुन: अर्को दिशामा मोडिन सक्छ ।

सिद्धान्त र विचारको यत्रो गुरुत्व हुँदा पनि जब स्पष्टताको सवाल आउँछ, तब रास्वपाका नेता-कार्यकर्ताहरू तर्क गर्छन्- पुराना दलसँग सिद्धान्त भएर के भयो त, देशको हालत त उस्तै छ । यो भनाइमा आंशिक सत्यता होला, तर विचारविहीनता विचार हुनुभन्दा हजारौँ गुणा बढी खतरनाक हुन्छ ।

विडम्बना, उनीहरूलाई सोधिने यस्ता प्रत्येक नीतिगत प्रश्नको उत्तर 'पुराना दलले के गरे त?' भन्ने प्रतिप्रश्नमा आएर टुङ्गिन्छ ।

राजनीतिशास्त्रले हरेक दलका लागि आदर्श लक्ष्य एक अनिवार्य सर्त मानेको छ । यसको अनुपस्थितिमा राजनीति गन्तव्यहीन हुन पुग्छ। सिद्धान्त र विचारको स्थानमा जब अमुक व्यक्तिलाई राखिन्छ, तब बौद्धिक बहसलाई अनावश्यक ठानिन्छ । असहमति राख्ने, आलोचना गर्नेलाई शत्रुका रूपमा चित्रण गरिन्छ ।

नीतिगत प्रश्नलाई भावनात्मक जवाफले विस्थापन गरिन्छ। पुराना दल, पुरानो प्रणाली सबै बिग्रिएको भन्ने भाष्य निर्माण गरेर लोकतान्त्रिक पद्धतिमाथि अविश्वास बढाइन्छ । नेतृत्वको मौनतालाई शक्ति र बौद्धिकता ठानिन्छ । सत्तासीनको बोली आम कार्यकर्ताका लागि धर्मग्रन्थका पवित्र अक्षर बन्न पुग्छ ।

राजनीतिमा यस्तो अवस्था आउनुको सीधा अर्थ हो- फासीवादतर्फको यात्रा। सिद्धान्तहीन लोकप्रियताले फासीवादलाई जन्म दिन्छ र लोकतन्त्रलाई जोखिममा पार्छ ।

सुशासन र भ्रष्टाचारको गफ

सुशासनका लागि राज्यका हालका संरचनाहरूलाई जरैदेखि पुनर्संरचना गर्नुपर्ने देखिन्छ। जसका लागि स्पष्ट रोडम्याप आवश्यक हुन्छ। हाल कायम रहेकै संरचनालाई रेट्रोफिटिङ गरेर सुशासन र समृद्धि ल्याउन लगभग असम्भवजस्तै छ ।

हामीले बुझ्नुपर्छ, सुशासन र भ्रष्टाचारको अन्त्य कुनै सिद्धान्त होइन, राज्यका न्यूनतम सर्तहरू हुन् । भ्रष्टाचार केवल नैतिक प्रश्नसँग मात्र जोडिएको हुँदैन, बरु मूलभूत रूपमा आर्थिक संरचनासँग जोडिएको हुन्छ ।

मध्यम वर्गको विरोधाभास पनि यहाँ छर्लङ्ग हुन्छ । यदि उनीहरूको चाहना साँच्चिकै सुशासन र भ्रष्टाचार अन्त्य थियो भने, पुराना दलबाट आएर रातारात उम्मेदवार बनाइएका व्यक्तिहरूलाई अस्वीकृत गर्ने थिए ।

रास्वपासँग यो संरचना बदल्ने योजना के छ ? कतै बहस छैन। अझ गम्भीर कुरा त के छ भने, हिजो राज्यका प्रणाली र पद्धतिको दुरुपयोग गर्नेहरू नै रास्वपामा धमाधम प्रवेश गरिरहेका छन्। यस्तो परिपाटी हेर्दा उसको सुशासन र भ्रष्टाचार अन्त्यको गफमै शङ्का गर्नुपर्नेछ ।

अर्कोतर्फ मध्यम वर्गको विरोधाभास पनि यहाँ छर्लङ्ग हुन्छ। यदि उनीहरूको चाहना साँच्चिकै सुशासन र भ्रष्टाचार अन्त्य थियो भने, पुराना दलबाट आएर रातारात उम्मेदवार बनाइएका व्यक्तिहरूलाई अस्वीकृत गर्ने थिए । तर उनीहरूलाई मुक्तिदाताका रूपमा स्वीकार गर्नुले मध्यम वर्गको चाहना सुशासनसँग नभई स्वार्थसँग जोडिएको प्रस्ट छ ।

अब के त ?

नेपाली राजनीतिको चक्रले के देखाउँछ भने, जबसम्म कुनै दलले स्पष्ट वैचारिक धरातलमा टेकेर काम गर्दैन, तबसम्म मध्यम वर्गको यो मोह क्षणिक हुन्छ । लियोन ट्रोट्स्कीले भनेझैँ, 'मध्यम वर्ग आर्थिक रूपमा स्वतन्त्र नहुने भएकाले राजनीतिक रूपमा पनि यो कहिल्यै स्वतन्त्र हुन सक्दैन । यो सधैँ कुनै न कुनै मसिहाको खोजीमा हुन्छ, जसले तत्कालको सङ्कटबाट बचाउने भ्रम दिन्छ ।'

अहिले रास्वपामा देखिएको यो भीड र मध्यम वर्गको आकर्षण ट्रोट्स्कीले भनेझैँ क्षणिक मात्र हुन सक्छ। जब यो वर्गको महत्त्वाकाङ्क्षा र व्यक्तिगत स्वार्थमा ठेस लाग्छ, तब यो वर्ग रास्वपाबाट त्यसरी नै छुट्टिनेछ, जसरी माओवादीबाट छुट्टिएको थियो ।

रास्वपाले जतिसक्दो चाँडो आफूलाई कुनै राजनीतिक दर्शनको धरातलमा उभ्याउन सकेन र अलमल्लको स्थितिमा बसिरह्यो भने कुनै पनि बेला राजनीतिक नक्षत्रबाट बिलाउन सक्छ। विश्व इतिहासले सिकाएको छ, भीडतन्त्रले क्षणिक वाहीवाही र सत्ता दिए पनि राजनीतिक रूपले सतिसालझैँ उभिनका लागि सिद्धान्त र विचार आवश्यक हुन्छ । रातो पाटीवाट







## तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर

**बिरामीहरूको लागि खुशीको खबर !!**

**ल्याब जाचमा ५०% सम्मको छुट**

सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

**नि:शुल्क सुगर जाँच**

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**